**Tel/WhatsApp: +9779849596298**
**Email: DignifiedMenstruation2019@gmail.com**
**Facebook: Global South Coalition for Dignified Menstruation**
**Twitter: https://twitter.com/GlobalSouthDM**
**Web: https://dignifiedmenstruation.org/**

Dignified Menstruation

# Global South Coalition for Dignified Menstruation

---

**डिसेम्बर ८ लाई मर्यादित महिनावारी दिवसका रुपमा मनाउनको लागि संयुक्त राष्ट्रसंघका महासचिवलाई अपिल**

मिति :१८ अक्टोबर, २०२३

महामहिम एन्टोनियो गुटेरेस, संयुक्त राष्ट्रसंघका महासचिव

***"मर्यादित महिनावारी, मानव अधिकार हो"***

**१.** यस पृथिवीको आधा भन्दा बढी जनसंख्या पाठेघर र अण्डाशय लिएर जन्मेका हुन्छन् र उनीहरुले होमो सेपिएन्सको समय देखि नै विकासात्मक लक्ष्यको रुपमा महिनावारी र रजोनिवृत्तिलाई अनुभव गर्दै आएका छन्

**२.** महिनावारी हुने व्यक्तिहरुले एरिस्टोटेलियन समय देखि महिनावारीका कारण विभिन्न प्रकारका अभ्यासहरु गर्दै आएका छन् । महिनावारी अभ्यासहरु जस्तै निषेध, लाज, कलंक, दुर्व्यवहार, प्रतिबन्ध, सेवा र स्रोतबाट बन्चित आदि जुन भेदभावपूर्ण छ । यस्ता महिनावारी विभेदहरुले महिनावारी भएको पाँच दिनमा मात्र सिमित हुँदैन , यो प्रक्रिया महिनावारी हुनुपुर्व, महिनावारी हुँदै गर्दा वा महिनावारी सुक्दै गर्दा वा रजोनिवृत्ति भएको अवस्था देखि मृत्यु पर्यन्त सम्म (केहि संस्कृतिमा मृत्यु पश्चात पनि) रहिरहन्छ । यस प्रकारको महिनावारी विभेदले सामाजिक, सांस्कृतिक, राजनितिक, आर्थिक, प्राविधिक, वातावरण जताततै प्रभाव परेको हुन्छ ।

यस्ता महिनावारी विभेदहरु अझै पनि विभिन्न नाम, स्वरुप तथा परिमाणमा विश्वभरि अभ्यस्त रहेका छन् । यी विभेदहरु जटिल र बहुमुखी छन् । सबैभन्दा महत्वपूर्ण कुरा, यसले असन्तुलित शक्ति सम्बन्ध निर्माण गर्न र पितृसत्तालाई सुदृढ पार्न महत्वपूर्ण भुमिका खेलेको हुन्छ । औसतमा ६ देखि ९ वर्षका बालबालिकाहरुले विभेदपूर्ण महिनावारी अभ्यासहरु सिकिसकेका हुन्छन् र कार्यनयन पनि गरिसकेका हुन्छन् । परिणाम स्वरुप, घरेलु हिंसाका पिडितहरु महिनावारी हुने व्यक्ति हुन्छन् भने हिंसा गर्ने व्यक्तिहरु अधिकाम्स महिनावारी नहुने व्यक्ति (पुरुष) हुन्छन् । लिंग पहिचान गरि गरिने गर्भपतन वा श्रीमान् तथा साथीबाट हुने हिंसा वा असमान ज्याला आदि सबै किसिमका हिंसा महिनावारी विभेदसँग सम्बन्धित छन् ।

त्यसैगरि महिनावारी विभेद यौन तथा लैंगिक हिंसाको स्वरुप मात्र नभईकन, अन्य यौनिक तथा लैंगिक हिंसाको कारण र प्रभाव पनि हो, उदाहरणको लागि बालविवाह । साथसाथै महिनावारी विभेद यौन ताथ प्रजनन् स्वास्थ्य र लैंगिक समानताको एक प्रमुख बाधा पनि हो ।

**३.** सन् १९४८ देखि संयुक्त राष्ट्रसंघले मानव अधिकारको सवालमा वकालत गरिरहेको छ तर महिनावारी विभेद मानव अधिकारको हनन् हो अथवा महिनावारी हुने व्यक्तिले आफ्नो जिवनचक्र भरि मर्यादित महिनावारी केन्द्रित भएर बाच्न पाउनुपर्छ भन्ने कुरालाई पनि आत्मासाथ गरेको छैन ।

संयुक्त राष्ट्रसंघले १९७९ देखि CEDAW को प्रचारप्रसार तथा कार्यनयनमा जोड दिँदै आएको छ तर यसले विश्वको आधा भन्दा बढि जनसंख्या ओगटेको महिनावारी हुने व्यक्तिहरुले भोग्दै आएको महिनावारी विभेदको बारेमा सम्बोधन गरेको छैन । साथसाथै यौन तथा प्रजनन् स्वास्थ्य, यौन शिक्षाले विश्वव्यापी रुपमा प्राथमिकता पाएपनि यो प्राथमिकता केवल प्रजनन अंग, महिनावारी चक्रमा नै सिमित गरेको छ । यसले महिनावारी विभेदको बहुआयामिक अल्पकालीन र दिर्घकालिन असरलाई सम्बोधन गरेको छैन ।

महिनावारी विभेद दिगो विकास लक्ष्य प्राप्त गर्नको लागि छुटेको कारक हो । कम्तीमा दिगाृ विकास लक्ष्यको ९ वटा लक्ष्य महिनावारी विभेदसँग प्रत्यक्ष सम्बन्धि छन् । उदाहरणको लागि दिगो विकास लक्ष्य ८, मर्यादित काम, जहाँ महिनावारी र रजोनिवृत्तिसम्बन्धि महिनावारी विभेद आयामहरु सम्बोधन गरिएको छैन ।

**४.** हालसालै, महिनावारी व्यवस्थापनका कार्यक्रमहरु सुरु भएका छन् जस्तै निशुल्क महिनावारी सामाग्री वितरण, महिनावारी सामाग्रीमा लाग्ने करको घटाउने, शौचालय बनाउने, आदि । यस्ता प्रकृतिका क्रियाकलापहरुले महिनावारीलाई स्थान त दिइराखेको छन तर महिनावारी

**Tel/WhatsApp: +9779849596298**
**Email: DignifiedMenstruation2019@gmail.com**
**Facebook: Global South Coalition for Dignified Menstruation**
**Twitter: https://twitter.com/GlobalSouthDM**
**Web: https://dignifiedmenstruation.org/**



विभेदको बहुआयामिक र जटिल प्रकृतिलाई सम्बोधन गर्दैन । निशुल्क महिनावारी प्याड वितरण गरिएका केन्यामा सन् २०१९ र नेपालमा २०२३ सालमा महिनावारी विभेदका कारण भएका दुई किशोरीको मृत्यु यसको ज्वलन्त उदाहरण हुन् । झनै मनोवैज्ञानिक रुपमा यसले महिनावारीको रगतलाई अशुद्ध, फोहोर वा कमजोर भएको अवस्था हो भन्ने विचारलाई बढावा दिइ रहेको छ ।

**५.** यसका साथै मर्यादित महिनावारी सबै किसिमको महिनावारी विभेद र जलवायु सकंटलाई सम्बोधन गर्ने नविनतम, बृहत र नारीवादी दृष्टिकोण हो । यसले महिनावारी विभेदलाईमात्र सम्बोधन नगरि लैंगिक सामनता, सशक्तिकरण्म र दिगो शान्ति प्राप्त गर्ने साधन पनि हो ।

**६.** नेपाल सरकारका मन्त्रालयहरु ( खानेपानी, महिला तथा बालबालिका ज्येष्ठ नागरिक, स्वास्थ्य तथा शिक्षा) मन्त्रालयहरुको सहकार्यमा सन् २०१७ मा राष्ट्रिय महिनावारी नीति, मुलुकी देवानी संहिता सन् २०१७ मा महिनावारी कानुन जारी गरेको थियो । सन् २०१९ मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र मानव अधिकार आयोग सँगको साझेदारीमा दक्षिण गोर्लादिय मर्यादित महिनावारी संजालले तिन दिने कार्यशाला गोष्ठिको आयोजना गरेर दिवस मनाएको थियो । यो वर्ष पाँचौ मर्यादित महिनावारी दिवस विश्वका ६० भन्दा बढि मुलुकहरुले मनाउँदै छन् ।

**७.** दक्षिण गोर्लादिय मर्यादित महिनावारी संजालले सन् २०१९ देखि विभिन्न माध्यमहरु जस्तै कमिशन अन दि स्ट्याटस् अफ विमेन, विमेन डेलिभर कनफ्रेन्स, आदि मार्फत विधुतीय ध्यानाकर्षण अपिल गर्दै आएको छ ।

**८.** सन् २०२३ को शुरुवातमा, दक्षिण गोर्लादिय मर्यादित महिनावारीकी गुडवील अम्बास्डर संगिता रोकायाले विश्वकै ८००० मिटर भन्दा माथिका हिमालहरु चडि संयुक्त राष्ट्र संघसँग डिसेम्बर ८ लाई मर्यादित महिनावारी दिवसका रुपमा मनाउन तथा यसलाई मानव अधिकारको सवालको रुपमा लिनको लागि अपिल गर्दै आएकी छिन् ।

यसै परिवेशलाई ध्यानमा राख्दै, विश्वभरिका ७७ वटा सँस्थाहरुको तर्फबाट, दक्षिण गोर्लादिय मर्यादित महिनावारी सचिवालयले यो अपिल संयुक्त राष्ट्र माननिय महासचिवलाई हस्तानतरण गरिन्छ ।

दक्षिण गोर्लादिय मर्यादित महिनावारी तथा राधा पौडेल फाउण्डेशनको तर्फबाट

१. राधा पौडेल
२. संगिता रोकाया
३. गोविन्द खड्का
४. सपना पौडेल
५. लाल शरण चलाउने